# सरावल राजपत्र

## सरावल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १ सरावल बैशाख ९ गते २०७५ साल

**भाग १**

## सरावल गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

२०७४ सालको ऐन संख्या ४

**ऐनको नामः सरावल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४**



## सरावल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

प्रमाणीकरण मिति : २०७५/१/९

सरावल राजपत्रमा प्रकाशित मिति : २०७५/१/९

**२०७४ सालको ऐन नं. ४**

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सरावल गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

***१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :***

(१) यो ऐनको नाम सरावल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन सरावल गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

***२. परिभाषा :***

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "ऐन" भन्नाले सरावल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले सरावल गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले सरावल गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्छ।

***३. नियम बनाउने अधिकार :***

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम

सरावल गाउँपालिका

गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त सरावल गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही सरावल गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

प्रमाणिकरण मितिः २०७५/१/९

**आज्ञाले:**

**ऋविश्वर रेग्मी**

*प्रमुख प्रशासकिय अधिकृत*

सरावल गाउँपालिका





सरावल गाउँपालिका